बैठक संख्या:-

आज मिति २०७९ मंसिर १५ गते बिहिबारका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्ताव माथि निर्णय गरियो।

<u>उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भोलन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईबा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री साल माया लो | सदस्य | |
| ११ | श्री रमा कुमारी न्याङ्मी | सदस्य | |
| १२ | श्री निम बहादुर थामी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | |
| १४ | श्री राम कुमार कार्की | सदस्य सचिव | |

<u>अन्य उपस्थिती</u>

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरेश कुमार अधिकारी | लेखा अ. सातौं | |
| २ | श्री किशोर कुमार वाईबा | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री सुधन थिङ | सहायक पाँचौं | |
| ४ | श्री पदम बहादुर सुनुवार | आ.ले.प. | |

घ्याङलेख गाउँपालिका
गाउँकार्यपालिकाको बैठक
मिति २०७९ मंसिर १५ गते बिहिबार
बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठकका प्रस्तावहरु:-
१.अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२.१२ औं गाउँसभा(हिउँदे अधिवेशन) सम्बन्धमा।
३.विविध सम्बन्धमा।

निर्णयहरु:-

निर्णय नं.१ — प्रस्ताव नं.१ माथि छलफल गर्दा यस अघि भए गरेका निर्णयहरुको समिक्षा गर्नुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं.२ — प्रस्ताव नं.२ माथि छलफल गर्दा १२ औं गाउँसभा(हिउँदे अधिवेशन) मिति २०७९ साल पुष २० गते बुधबारका दिन सम्पन्न गर्ने गरी निर्णय गरियो। साथै हिउँदे अधिवेशन सम्पन्न गर्नका लागि सबै वडा कार्यालय र शाखाहरुबाट प्रस्तावहरु ८ गते सम्म संकलन गर्ने र गाउँसभाका लागि आबश्यक छलफल गर्न सोही महिनाको १३ गते कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो।

निर्णय नं.३ —विविध सम्बन्धमा छलफल गर्दा:-

क) १० शैयाको अस्पतालको पहिला भएको DPR लाई यथावत राख्दै यस गाउँपालिका अन्तर्गत वडा नं.३ को कोल्टारमा रहेको ऐलानी,पर्ति सरकारी जग्गा कबुलियतमा लिनको लागि प्रक्रिया पूरा गर्दै कोल्टारमा भएको सार्वजनिक ८-०-०(आठ)रोपनी जग्गाको टोपोम्याप, पुनः माटो परिक्षण, डि.पि.आर. गर्ने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

ख) सबै वडा कार्यालयहरुले वडा भित्र रहेका मेलमिलापकर्ताहरुको अभिलेख राखी गाउँपालिकामा पठाउने,नपुग भएमा नयाँ मेलमिलाप कर्ता राख्ने,निजहरुलाई तालिम गराउने र मेलमिलाप गराए बापत नियमानुसार पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

ग) नेपाल रेडक्रस सोसाइटी तामाजोर उप-शाखाको पत्रानुसार उक्त उप-शाखाले सञ्चालन गर्दै आएको एम्बुलेन्स भौगोलिक विकटताको कारणले गर्दा सञ्चालन गर्न नसक्ने भनी

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

शंकर मान घलान
उपाध्यक्ष

जगत बहादुर गौलन
गा.पा. अध्यक्ष

नेपाल रेडक्रस सोसाइटी उप-शाखा,तामाजोरबाट लेखी आएकोले यस भन्दा अगाडीको कार्यपालिकाको निर्णय अनुसार एम्बुलेन्स मर्मतमा लागेको बील भर्पाई जाँच गरी बजेटको परिधि भित्र रही उपयुक्तताको आधारमा भुक्तानी दिने र उक्त एम्बुलेन्स बस्तीपुर स्वास्थ्य चौकीलाई सञ्चालन गर्न जिम्मा दिने र चालु आ.व.२०७९।०८० मा वडा नं.५ मा रहेको शान्तेश्वरी स्वास्थ्य चौकीमा रहने गरी गाउँपालिकाबाट खरिद भई आएको एम्बुलेन्स सो स्वास्थ्य चौकीको ब्यबस्थापन समितिको व्यवस्थापन र सञ्चालनको लागि जिम्मामा रहने गरी हस्तान्तरण गर्ने निर्णय गरियो।

घ) सबै वडा अध्यक्षहरुले कामको सिलसिलामा अन्यत्र(१५ कि.मिटर भन्दा बाहिर) जानुपरेमा अध्यक्षज्यूबाट भ्रमण आदेश स्वीकृत गराई मासिक २ पटक सम्मको बढीमा ११ दिन मात्र "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी (पहिलो संसोधन)ऐन,२०७६" ले ब्यबस्था गरे बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरियो।

ङ) आ.व.२०७९।०८० मा कर्मचारी तथा जनप्रतिनिधि अध्ययन अवलोकन कार्यक्रमका लागि बिनियोजन भएको बजेट अनुसार यस पालिका अन्तर्गत रहेका जनप्रतिनिधिहरु र कर्मचारीहरु कार्यालयलाई असर नपर्ने गरी अर्को (असल अभ्यास भएका गा.पा./न.पा.)स्थानीय तहमा अवलोकन भ्रमण जाने निर्णय गरियो।

च) यस पालिका अन्तरगत वडा नं.२ निबासी श्री एक बहादुर खड्काको खेतमा लगाएको धानबालीमा मिति २०७९।०६।०१ गते देखि फड्के किरा र डडुवा रोग लागी धानबाली क्षति भएको र क्षति पूर्ति माग भई आएको निबेदन अनुसार रु२०,०००।— (बिस हजार मात्र) विपद् व्यवस्थापन कोषबाट क्षतिपूर्ती रकम उपलब्ध गराउने निर्णय गरियो।

छ) वडा नं.२ निबासी ज्ञान बहादुर भोलन तामाङ्गको निबेदन अनुसार निजको आमाको उपचारमा लागेको खर्चको बील भर्पाई पेश भए पछि बढीमा रु५०,०००।—(पचास हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

ज) स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुले दशैं, तिहार जस्ता चाडपर्वहरु र कार्यालय समय बाहेक अतिरिक्त समयमा काम गरे बापत कार्यरत स्वास्थ्य चौकी ब्यबस्थापन समितिको निर्णय र सोही समितिको सिफारिस अनुसार वार्षिक रुपमा थप १ महिनाको पारिश्रमिक

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

शंकर मान घलान
उपाध्यक्ष

जगत बहादुर मौलन
गा.पा. अध्यक्ष

दिने र मासिक रुपमा खोप सञ्चालन गर्न जाँदा १० लिटर इन्धन उपलब्ध गराउने निर्णय गरियो।

झ) सातदोबाटोमा रहेको सत्तल ब्यबस्थापनका लागि आवश्यक खाट,ओड्ने,ओछ्याउने लगायतका सामानहरुको ब्यबस्थापन गर्ने भनि निर्णय गरियो।

ञ) चालु आ.व.२०७९।८० मा बागमती प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम(शसर्त अनुदान)हरु तर्फ विकास निर्माण कार्यको लागि प्राप्त भएको सडक निर्माण तथा थामी संग्रहालय निर्माण कार्य उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्णय गरियो।

ट) वडा कार्यालय व्यवस्थापन र अतिथि कक्षको लागि माग भई आए अनुसारको सामानहरु उपलब्ध गराउने निर्णय गरियो।

ठ) रामपुर प्रहरी चौकी र इलाका प्रहरी कार्यालय,वस्तीपुरको कार्यालय व्यवस्थापन र सवारी साधन मर्मतको बीलमा उपर्युक्तताको आधारमा सहयोग गर्ने निर्णय गरियो।

ड) मुख्य कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई उपयुक्तताको आधारमा ल्याप्टप,प्रिन्टर र फर्निचरहरु खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

ढ) सिन्धुली अस्पताल,एकद्वार संकट व्यवस्थापन केन्द्र(OCMC)को च.नं.३४५ मिति २०७९।०७।०२ को पत्रानुसार माग भई आएको रु१,२५,०००।— र जिल्ला समन्वय समिति सिन्धुलीको च.नं.१५ मिति २०७९।०८।१३ को पत्रानुसार सुरक्षित आवास गृह संचालनको लागि माग भई आएको रु२,५०,०००।—को बजेट व्यवस्थापन गरी उपलब्ध गराउने निर्णय गरियो।

ण) प्रदेश लोक सेवा आयोग,वामगती प्रदेश,हेटौंडा मकवानपुरको प.स.०७८।०७९ च.नं.१५४ मिति २०७८।०७।१३ गतेको पत्रको कार्यतालिका अनुसार यस कार्यालयमा रिक्त रहेका तपशिल बमोजिमका पदहरुमा स्थायी पदपूर्तिको लागि माग गरी पठाउने निर्णय गरियो।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

शंकर मान घलान
उपाध्यक्ष

जगत बहादुर मौलन
गा.पा. अध्यक्ष

| क्र.स. | माग गर्ने पद | माग गर्ने संख्या | कैफियत |
|---|---|---|---|
| १ | सहायक स्तर पाँचौं(प्रशासन) | ४ | |
| २ | महिला विकास निरीक्षक(सहायक स्तर पाँचौं) | १ | |
| ३ | प्राविधिक सहायक,पाँचौं(शिक्षा) | १ | |
| ४ | सब.ईञ्जिनियर,पाँचौं | १ | |
| ५ | सहायक स्तर चौथौं(प्रशासन) | १ | |
| ६ | अ.सब.ईञ्जिनियर,चौथौं | २ | |

त) प्रधानमन्त्री स्वरोजगार कार्यक्रमका रोजगार संयोजक श्री गंगा राज भोलनबाट पेश भए बमोजिमका नियमानुसार पाउने कर्मचारीको सविधा र तपशिल अनुसारको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.स | आयोजनाको नाम | कुल बजेट रु. | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| १ | सिम्ले मैनटार सुल्सुले देखि गुम्बा सम्म गोरेटो बाटो मर्मत | ३,००,०००।०० | १ | आई.डि.ए. |
| २ | कोल्टार देखि लङदी बाटो सम्म गोरेटो बाटो मर्मत | २,००,०००।०० | १ | आई.डि.ए. |
| ३ | ज्योगीटार गोरेटो बाटो मर्मत | २,००,०००।०० | १ | आई.डि.ए. |
| ४ | दमार हुदै काउले बेसरी जाने गोरेटो बाटो मर्मत | २,००,०००।०० | २ | आई.डि.ए. |
| ५ | अँधेरी हुदै सातदोबाटो जाने गोरेटो बाटो मर्मत | १,००,०००।०० | २ | आई.डि.ए. |
| ६ | सातदोबाटो छ्योंदेन वरीमपरी बुट्यान सरसफाई | २,००,०००।०० | २ | नेपाल सरकार |
| ७ | लिपेखोला देदिख डुम्रेसम्म सडक मर्मत संभार | २,२०,०००।०० | २ | आई.डि.ए. |
| ८ | रातोडाँडा ,मा.वि तामाजोर सडक स्तरोन्नती | २,७५,०००।०० | ३ | आई.डि.ए. |
| ९ | ल्होसेडाँडा टेकानपुर मझुवा पाँचघरे राखाल सोमबारे, तल्कुडाँडा गोरेटो बाटो मर्मत | ३,०००००।०० | ३ | नेपाल सरकार |

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

शंकर मान घलान
उपाध्यक्ष

जगत बहादुर मौलन
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १० | कालीशिर बाँभ्रोडाँडा कालीखोला तामाजोर आरुबोट देउराली रातुगुराँसे गोरेटो बाटो मर्मत | २२०,०००।०० | ३ | आई.डि.ए. |
| ११ | भैसे,कबासे,कडेलटोल,आहाले,कालीखोला गोरेटो बाटो मर्मत | १,५०,०००।०० | ४ | नेपाल सरकार |
| १२ | वडा नं. ४ को कार्यालय भवन तला थप | २,००,०००।०० | ४ | नेपाल सरकार |
| १३ | शिखपुर गोपे जुरे घोरलभीर गोठडाँडा गोरेटो बाटो मर्मत | ३,५०,०००।०० | ४ | आई.डि.ए. |
| १४ | रामपुर राङ्चा सडक स्तरोन्ती | २,००,०००।०० | ५ | नेपाल सरकार |
| १५ | घिसिङ डाँडा ठुलो गैरी पाक्तुङडाडा गोरेटो निर्माण | १,००,०००।०० | ५ | नेपाल सरकार |
| १६ | चैनपुर सिंपाल सडक स्तरोन्नति गर्न | २,५०,०००।०० | ५ | आई.डि.ए. |
| १७ | ठाकुरथान पहरीलेक सडक स्तरोन्ती गर्न | १,००,०००।०० | ५ | आई.डि.ए. |
| १८ | लाकुरे चौतारा भाक्तुङडाँडा पाखुरे गोरेटो बाटो निर्माण गर्न | १,००,०००।०० | ५ | नेपाल सरकार |

थ) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग,सिंहदरबारको च.नं.१७१ मिति २०७९।०७।१० को पत्रानुसार आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि आबश्यक पर्ने आय र व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण अर्थ मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था बमोजिम यस गाउँपालिकाको राजश्व परामर्श समितिको र बजेट तथा स्रोत अनुमान समितिको सिफारिस बमोजिम स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४(परिमार्जित) को अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित निकायमा पठाउने निर्णय गरियो।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

शंकर मान घलान
उपाध्यक्ष

जगत बहादुर भैलन
गा.पा. अध्यक्ष

क.

रु हजारमा

| क्र.सं. | खर्च शिर्षक | आ.ब २०७८।०७९ यथार्थ | आ.ब २०७९।०८० अनुमान | आ.ब २०८०।०८१ अनुमान |
|---|---|---|---|---|
| १ | २११११ पारिश्रमिक कर्मचारी | २०९३०।०० | ३१५००।०० | ३४६५०।०० |
| २ | २११२१ पोशाक | ४६०।०० | ८००।०० | ८८०।०० |
| ३ | २११३१ स्थानीय भत्ता | २०३२।०० | २५००।०० | २७५०।०० |
| ४ | २११३२ महंगी भत्ता | ८१४।०० | १५००।०० | १६५०।०० |
| ५ | २११३३ फिल्ड भत्ता | ११०।०० | १५००।०० | १६५०।०० |
| ६ | २११३४ कर्मचारीको बैठक भत्ता | ३५।०० | ५००।०० | ५५०।०० |
| ७ | २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ०।०० | ५००।०० | ५५०।०० |
| ८ | २११३९ अन्य भत्ता | ४५।०० | २४३।०० | २६७।३० |
| ९ | २११४१ पदाधिकारी बैठक भत्ता | १२७।०० | १५००।०० | १६५०।०० |
| १० | २११४२ पदाधिकारीअन्य सुबिधा | ३७७२।०० | ५०००।०० | ५५००।०० |
| ११ | २१२१४ कर्मचारी कल्याण कोष | १०१०।०० | ४३००।०० | ४७३०।०० |
| १२ | २२१११ पानी तथा बिजुली | २११।०० | ८००।०० | ८८०।०० |
| १३ | २२११२ संचार महसुल | ६३१।०० | १०००।०० | ११००।०० |
| १४ | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २१६९।०० | २५००।०० | २७५०।०० |
| १५ | २२२१३ सवारी साधन मर्मत खर्च | १९९०।०० | २५००।०० | २७५०।०० |
| १६ | २२२१४ बिमा तथा नवीकरण खर्च | ३०९।०० | २४००।०० | २६४०।०० |
| १७ | २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८७।०० | ७००।०० | ७७०।०० |
| १८ | २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ०।०० | ७००।०० | ७७०।०० |
| १९ | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १३५९।०० | ३०००।०० | ३३००।०० |
| २० | २२३१३ पुस्तक तथा सामग्री खर्च | ५५।०० | ५००।०० | ५५०।०० |

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

शंकर मान घलान
उपाध्यक्ष

जगत बहादुर मौलन
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २१ | २२३१४ इन्धन - अन्य प्रयोजन | ३२८।०० | ५००।०० | ५५०।०० |
| २२ | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०००।०० | १५००।०० | १६५०।०० |
| २३ | २२३१९ अन्य कार्यालय संचालन खर्च | ३४८।०० | १५००।०० | १६५०।०० |
| २४ | २२४११ सेवा र परामर्श खर्च | ९७१।०० | १०००।०० | ११००।०० |
| २५ | २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ६५५।०० | ०।०० | ०।०० |
| २६ | २२४१४ सरसफाईसेवा शुल्क | ०।०० | १००।०० | ११०।०० |
| २७ | २२४१९ अन्य सेवा शुल्क | ०।०० | २००।०० | २२०।०० |
| २८ | २२५११ कर्मचारी तालिम खर्च | ०।०० | ०।०० | ०।०० |
| २९ | २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ०।०० | ४५०।०० | ४९५।०० |
| ३० | २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ०।०० | २००।०० | २२०।०० |
| ३१ | २२५२९ विविध कार्यक्रम खर्च | ९५२।०० | ०।०० | ०।०० |
| ३२ | २२६११ अनुगमन, मूल्यांकन खर्च | २४०८।०० | २७००।०० | २९७०।०० |
| ३३ | २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ०।०० | १००।०० | ११०।०० |
| ३४ | २२६१९ अन्य भ्रमण खर्च | ०।०० | ३००।०० | ३३०।०० |
| ३५ | २२७११ विविध खर्च | ३२११।०० | २८५०।०० | ३१३५।०० |
| ३६ | २२७२१ सभा सञ्चालन खर्च | ५००।०० | ०।०० | ०।०० |
| ३७ | २७१११ सामाजिक सुरक्षा | ४५०।०० | ०।०० | ०।०० |
| ३८ | २७११२ अन्य सामाजिक सुरक्षा | ४७५।०० | ४००।०० | ४४०।०० |
| ३९ | २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १४८।०० | ०।०० | ०।०० |
| ४१ | २७२१९ अन्य सामाजिक सहायता | ९।०० | २००।०० | २२०।०० |
| ४२ | २८१४२ घरभाडा | ७९०।०० | २०००।०० | २२००।०० |
| ४३ | २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ०।०० | २००।०० | २२०।०० |
| ४४ | २८१४९ अन्य भाडा | २२३।०० | ४००।०० | ४४०।०० |
| ४५ | २२५२२ कार्यक्रम खर्च | ०।०० | १०५०।०० | ११५५।०० |

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

शंकर मान घलान
उपाध्यक्ष

जगत बहादुर मौलन
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४६ | २२५२९ विविध कार्यक्रम खर्च | ०।०० | १६५०।०० | १८१५।०० |
| ४७ | २५१२१ वितिय संस्थाहरुलाइ चालू सहायता | ०।०० | १५०।०० | १६५।०० |
| | जम्मा चालु खर्च | ४८६१४।०० | ८१३९३।०० | ८९५३२।३० |
| पूंजीगत खर्च (मेशिनरी औजार, सवारी साधन आदि) | | | | |
| १ | सवारी साधन खरिद | ३५४।०० | ५८००।०० | ६३८०।०० |
| २ | मेशिनरी औजार | ११७७।०० | ३०००।०० | ३३००।०० |
| ३ | फर्निचर तथा फिक्चर्स | ९९९।०० | २८००।०० | ३०८०।०० |
| ४ | पूँजिगत परामर्श खर्च | १७८९।०० | ०।०० | ०।०० |
| ५ | सूचना प्रणाली सफ्टवयर खरिद तथा सन्चालन खर्च | ०।०० | १५००।०० | १६५०।०० |
| ६ | कार्यालय सर्दा खर्च हुने व्यवस्थापन खर्च | ०।०० | १०००।०० | ११००।०० |
| | जम्मा | ४३१९।०० | १४१००।०० | १५५१०।०० |
| | दुबैको जम्मा | ५२९३३।०० | ९५४९३।०० | १०५०४२।३० |

ख.

रु हजारमा

| शीर्षक | | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ को प्रक्षेपण |
|---|---|---|---|
| राजश्व | | | |
| क.स. | आन्तरिक राजश्व | | |
| १ | सम्पत्ती कर | २,००,०००।०० | २,०५,०००।०० |
| २ | घरबहाल कर | १,००,०००।०० | १,००,०००।०० |
| ३ | भाडा कर | ४०,०००।०० | ४०,०००।०० |
| ४ | सरकारी सम्पतीबाट प्राप्त आय | ५,००,०००।०० | ५,००,०००।०० |
| ५ | सेवा शुल्क (स्थानिय पूर्वाधार) घर नक्सा पास तथा सेवा उपयोगमा | १,००,०००।०० | १,००,०००।०० |
| ६ | सिफारीस दस्तुर (स्थानीय तहबाट हुने सिफारीस) | ७,००,०००।०० | ७,०१,०००।०० |
| ७ | विज्ञापन कर | ५०,०००।०० | ५०,०००।०० |
| ८ | व्यवसाय कर | ४,००,०००।०० | ४,००,०००।०० |
| ९ | भूमिकर (मालपोत) | ५,५०,०००।०० | ५,६०,०००।०० |
| १० | दण्ड जरिवाना | २०,०००।०० | २०,०००।०० |
| ११ | बहाल विटौरी घर जग्गा कर | २०,०००।०० | २०,०००।०० |
| १२ | मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | २०,०००।०० | २०,०००।०० |

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

शंकर मान घलान
उपाध्यक्ष

जगत बहादुर भौलन
गा.पा. अध्यक्ष

| | | | |
|---|---|---|---|
| १३ | प्राकृतिक स्रोत को विक्री वितरणबाट प्राप्त हूने दस्तूर (ढुङ्गा, गिटी, बालुवा) | २५,००,०००।०० | २५,०१,०००।०० |
| १४ | प्राकृतिक स्रोत को विक्री वितरणबाट प्राप्त हूने दस्तूर (वनजन्य काठय सामाग्रीहरुको विक्री वितरण) | १,००,०००।०० | १,००,०००।०० |
| १५ | अन्य | ७,००,०००।०० | ७,००,०००।०० |
| जम्मा | | ६०,००,०००।०० | ६०१७०००।०० |

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

शंकर मान घेलान
उपाध्यक्ष

जगत बहादुर मोलन
गा.पा. अध्यक्ष